रामग्रामनगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लुम्बिनीप्रदेश, नेपाल

परासी,नवलपरासी (बसुप)

## आ.व. २०८०/०८१ को आन्तरिक आय ठेक्का बन्दोबस्त सम्बन्धी सूचना

(तेश्रो पटक प्रकाशित २०८०/०४/०३ गते)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ तथा रामग्राम नगरपालिकाको आर्थिक ऐन २०७९ को दफा १० को उपदफा १ र ५ बमोजिम यस नगरपालिका भित्र सञ्चालनमा रहेका विभिन्न हाट बजारहरुको आ.व. ०८०/०८१ (२०८० श्रावण देखि २०८१ असाढ मसान्त सम्मका लागि बैठकी कर असुल गर्ने कार्य ठेक्का बन्दोबस्त गर्नु परेकोले निम्न बमोजिमका शर्तहरुको अधिनमा रही इच्छूक मु.अ.कर दर्ता भएको व्यक्ति वा फर्मबाट गोप्य सिलबन्दी दरभाउ/बोलपत्र आह्वान गरिन्छ ।

शर्तहरु :

१. सिलबन्दी दरभाउपत्रको फाराम यो सूचना प्रकाशन भएको मितिले ७ दिन सम्म कार्यालय समय भित्र तोकिएको राजश्व तिरि खरिद गर्न सकिनेछ । यसका लागि व्यक्ति भए नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र फर्म भए फर्मको प्रमाण पत्रको प्रतिलिपि, स्थाई लेखा नं. प्रमाण पत्रको प्रतिलिपि र आ.व ०७८।०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरि निवेदन दिनु पर्ने छ ।

२. न्यूनतम ठेक अंक यसै साथ संलग्न तालिका बमोजिम हुनेछ । कबोल रकम र धरौटी रकम अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

३. सिलबन्दी दरभाउपत्र साथ आफुले कबोल गरेको रकमको भए ५ प्रतिशतले हुने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक परासी शाखामा रहेको धरौटी खाता च.हि.नं ३१००१००३०३००००००२ (ग ३) मा जम्मा गरेको बैंक भौचर वा १२० दिनको म्याद भएको बैंक ग्यारेन्टि संलग्न गर्नु पर्ने छ ।

४. पत्रिकाममा सुचना प्रकाशन भएको मितिले दरभाउपत्र ८ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ र दर्ता भएको दरभाउपत्र ८ औं दिन २:०० बजे कार्यालयर ठेकेदार प्रतिनिधिको रोहवरमा दरभाउपत्र/बोलपत्र खोलिने छ । तोकिएको समयमा ठेकेदार प्रतिनिधि उपस्थित नभए दरभाउपत्र/बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. दरभाउपत्र खरिद र दर्ता मितिका दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट खरिद तथा दर्ता गर्न सकिनेछ । कागजात प्रमाणित नभएको, रीत नपुगेको र म्याद नाघी आएको दरभाउलाई मान्यता दिइनेछैन् ।

६. आफुले कबोल गरेको रकम ठेक्का सम्झौताका वखत एकमुष्ठ रुपमा बुझाएमा १० प्रतिशत छुट दिइनेछ । कबोल रकम किस्ताको रुपमा बुझाउन चाहेमा ५० प्रतिशतले हुन आउने रकम ठेक्का सम्झौताका वखत र बाकी रकम २०८० पौष मसान्त भित्र बुझाउन पर्ने छ । बाकी रकमका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको २०८१ असाढ मसान्त सम्मको म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

७. ठेक्का लिने पक्षले ठेक्का सम्झौताका वखत कबोल अंकको १.५ प्रतिशतले हुने अग्रिम आयकर वापतको रकम एकमुष्ठ रुपमा र हरेक बजारको किस्ता रकम बुझाउदा १३ प्रतिशतले हुने मू.अ.कर वापतको रकम आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ । बैठकी करको दररेट नगरपालिकाको दरभाउपत्र साथ उपलब्ध हुनेछ । कर संकलन गर्दा उक्त दरमा १३ प्रतिशतले मू.अ.कर थप गरि संकलन गर्नु पर्नेछ ।

८. सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले जुनसुकै बेला ठेक्का तोडन सक्नेछ । यसरी ठेक्का तोडिएकोमा सो अवधि सम्मको बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाइने छैन । सरकारी बाकी सरह असूल उपर गरिनेछ ।

९. महामारीको जोखिम बढ्न गएको अवस्थामा सम्बन्धित निकायले जोखिम न्यूनिकरणको लागि हाट बजारको सञ्चालन बन्द गर्न गराउन निर्णय वा निर्देशन गरेमा सोको पालन गर्नुपर्ने छ । यसबाट हुन जाने क्षतिपूर्तिको विषयमा कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ । तर बन्द हडताल जस्ता कारणले राजश्व असुली कार्यमा बाधा उत्पन्न भएमा कार्यालय क्षतिपुर्ति दिन बाध्य हुने छैन् ।

रामग्रामनगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

लुम्बिनीप्रदेश, नेपाल

परासी,नवलपरासी (बसुप)

१०. रामग्राम नगरपालिका र नेपाल सरकारको प्रचलित नीति बमोजिम तोकिएको मापदण्ड अनुसार मात्र पोलिथिनको झोला प्रयोग गर्न व्यवपारीलाई ठेकेदारले स्वयं नियन्त्रण र रेखदेख गर्नु पर्नेछ । हाट बजारका हरेक विक्रेताले आफ्नो फोहर झोला वा बोरामा संकलन गरि बैठकी स्थल सफा राख्नु पर्नेछ । यसरी संकलन भएको फोहोरमैलाको उचित व्यवस्थापन ठेकेदार स्वयंले गर्नु पर्नेछ ।

११. हाटबजारमा रहेको खानेपानी, विजुलीको महसुस ठेकेदारले भुक्तान गर्नु पर्नेछ । बजारमा रहेको शौचालय र बजारको सरसफाई, बजार लागेको १ दिन अगाडी र पछाडी बजारको सरसफाई समेत ठेकेदारले गर्नुपर्नेछ । छुट्टै अनुमति नलिई बजारमा राखिने सवारी साधनमा पार्किगं शुल्क उठाउन पाइनेछैन । साथै बैठकी करको दररेट सबैले देख्ने गरी ठेकेदारले होडिगंबोर्ड तयार गरी हाट बजार स्थलमा राख्नु पर्नेछ ।

१२. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित हुने छ । थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र राजश्व उपशाखामा सम्पर्क गर्न सकिने छ ।

१३. यस सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछन् ।

## हाटबजारहरुको न्यूनतम ठेक अंक

| क्र.स. | ठेक्का नं. | ठेक्का को नाम | ठेक्काको किसिम | फारमको मूल्य (फिर्ता नहुने गरि) (रु.) | आ.व.२०८०।८१को १ वर्षको लागि कायम न्यूनतम ठेक अंक भ्याट बाहेक(रु.) |
|---|---|---|---|---|---|
| १ | २०७९/०८०/००४ | साप्ताहिक मंगलवारे र शुकवारे हाटबजार, हकुई | दरभाउपत्र | १०००।०० | ७२६०००।०० |
| २ | २०७९/०८०/००५ | साप्ताहिक सोमबारे र शुक्रबारे हाटबजार, पटखौली | दरभाउपत्र | १०००।०० | ८८५०००।०० |

कुन्दन कुमार चौधरी

नि.प्रमुख प्रशासकिय अधिकृत

नि० प्रमुख प्रशासकीय अधिकृत